## आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## परिचयात्मक तथा सेवा विस्तार कार्यक्रम

### नेपाल राष्ट्र बैंक विराटनगर

आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयको सभाहलमा मिति २०७९/०२/०६ मा सेवा विस्तार गर्ने प्रयोजनको लागि संस्थाको संक्षिप्त परिचय एवं सदस्यता वितरण सम्बन्धी कार्यक्रमको आयोजना गरियो ।




यस संस्थाका अध्यक्ष दीपक पोखरेलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका कायम मुकायम निर्देशक शिखा अधिकारी रेग्मीको प्रमुख आतिथ्यतामा संचालन भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका उप निर्देशकहरु क्रमशः अमृत बहादुर बुढाथोकी, लक्ष्मी प्रसाद तिम्सिना र मनोज गुरुङ्गले आतिथ्यता ग्रहण गर्नु भएको थियो ।




उक्त अवसरमा सचिव युवराज दाहालले कार्यक्रममा उपस्थिति हुनु हुने सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्नु हुँदै संस्था स्थापनादेखि हालसम्मको स्थितिको बारेमा संक्षिप्त जानकारी दिँदै नेपाल राष्ट्र बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरु यस संस्थाको सदस्यता लिन योग्य हुने र यसबाट बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीले लाभ हासिल गर्न सक्ने तर्फ विचार गरेर नै पहिलो चरणमा विराटनगर कार्यालयबाट सेवा विस्तार गर्न संस्थाको विनियम बमोजिम सञ्चालक समितिबाट निर्णय भएको धारणा व्यक्त गर्नु भएको थियो ।




कार्यक्रममा कायम मुकायम निर्देशक शिखा अधिकारी रेग्मीले आफू समेत यस संस्थाको सदस्य रहेको र यसबाट सदस्यहरुलाई आर्थिक रुपमा असहज भएको परिस्थितिमा सहजै सेवा प्राप्त गर्न सकिने धारणा राख्दै सकेसम्म सदस्यता प्राप्तिको अवसरबाट लाभ लिन सम्पूर्ण कर्मचारी वर्गमा आह्वान गर्दै कार्यक्रमको सफलताको शुभकामना प्रदान गर्नु भएको थियो ।










कार्यक्रमको अन्तमा सहभागीहरुले संस्थाको वित्तीय अवस्था, साधारण सभामा सहभागिता लगायतका विविध विषयका राखेको जिज्ञाशाको प्रतिउत्तर दिनुहुदै अध्यक्ष दीपक पोखरेलले संस्थाले ब्यावसायिकता, पारर्शिता र विधिवतरुपमा मात्र कार्य गर्ने भएकोले सफलता प्राप्त गर्नसकेको विषयमा चर्चा गर्नुभयो । कार्यक्रमका लागि सहयोग गर्नुहुने नेपाल राष्ट्र बैंक जनशक्ति ब्यवस्थापन विभाग, बिराटनगर कार्यालय, प्रमुख अतिथि, अतिथिहरु र सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक बिराटनगर कार्यालयका अधिकांश कर्मचारीहरुको सहभागीता रहेको थियो भने उक्त अवसरमा सदस्यता लिनुहुने सदस्यहरुलाई का.मु.निर्देशक शिखा अधिकारी रेग्मी र अध्यक्ष दीपक पोखरेलबाट संयुक्त रुपमा शेयर प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रमको सञ्चालन शिक्षा उप-समितिका सदस्य बालकृष्ण अर्यालले गर्नुभएको थियो भने उक्त कार्यक्रम हुनुपूर्व मिति २०७९/०२/०४ गतेबाट नै यस संस्थाका सहायक ब्यवस्थापक श्री बद्रिप्रसाद भट्टराइले कार्यक्रमको सूचना, संस्थाको परिचय पुस्तिका (ब्रोसर) एवं सदस्यता लिन ईच्छुक कर्मचारीहरुलाई सदस्यता आवेदन फारम वितरण गरिएको थियो ।